## श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### ठेक्का कर ऐन, २०२३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः ठेक्का कर ऐन, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "ठेक्का कर (पहिलो संशोधन) ऐन २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. ठेक्का कर ऐन, २०२३ मा दफा ८ क. थपः ठेक्का कर ऐन, २०२३ को दफा ८ पछि देहायको दफा ८ क. थपिएको छः–





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८क. <u>कर नलाग्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको ठेक्कामा ठेक्का कर लाग्ने छैन :–

(क) विदेशी फर्म, कम्पनी वा व्यक्तिले बैङ्क मार्फत प्रतीतपत्र वा बैङ्क-ड्राफ्टद्वारा सोझै विदेशमा रकम भुक्तानी पाउने गरी नेपालमा माल-सामान मात्र आपूर्ति गर्ने,

(ख) आफ्नो सीप, ज्ञान, खुबी वा अनुभवको आधारमा कसैलाई कुनै किसिमको सेवा वा परामर्श उपलब्ध गराउने,

(ग) स्वदेशी उद्योगले अन्तरराष्ट्रिय बोलपत्रमा भाग लिई परिवर्त्य विदेशी मुद्रा भुक्तानी पाउने गरी नेपालभित्र माल-सामान आपूर्ति गर्ने,

(घ) विदेशी सहायता तथा विदेशी ऋण अन्तर्गत कर नलाग्ने गरी श्री ५ को सरकारसंग भएको सम्झौता अनुसारको ठेक्का ,

(ङ) कुनै फर्म वा कम्पनीबाट उत्पादित माल-सामान सो कम्पनी वा फर्म-द्वारा निर्धारित बिक्री मोलमा दरभाउपत्रद्वारा आपूर्ति गर्ने,

(च) श्री ५ को सरकारद्वारा निर्धारित गरिएको वा सोभन्दा घटी दरमा कुनै माल-सामान ढुवानी गर्ने ,

(छ) कुनै व्यक्तिले एक आर्थिक वर्षभित्र एकै पटक वा पटक-पटक गरी पचास हजार रुपैयाँसम्मको माल-सामान मात्र कसैलाई आपूर्ति गर्ने ।

लालमोहर सदर मितिः– २०४३।६।१६।५

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



326

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।